# बागलुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बागलुङ

गण्डकी प्रदेश नेपाल

### रोजगार सहायक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।४।२३)

नेपाल सरकार, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमांडौको सूचना बमोजिम यस बागलुङ नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १(एक) र प्राविधिक सहायक १(एक) पद खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको निर्धारित ढांचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद | तह | सख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पांचौ तह सरह | १ जना |
| २ | २/२०७९-८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पांचौ तह सरह | १ जना |

१. **आवश्यक न्युनतम योग्यता :-**

**(क) (रोजगार सहायकको हकमा)**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तीण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा :- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**(ख) (प्राविधिक सहायकको हकमा)**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई महिलाको हकमा ४० वर्ष र पुरुषको हकमा ३५ वर्ष ननाघेको ।

ग. आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. **दरखास्त दिने स्थान:-** बागलुङ नगरपालिकाको कार्यालय, बागलुङ

३. **दरखास्त दिने अन्तिम मिति:-** सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा र उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **आवेदन दस्तुर:-** रु ५००/- (पांच सय मात्र)

५. **छनोटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख. न्युनतम शैक्षिक योग्यताको लब्धांक पत्रको प्रतिलिपी

ग. चारित्रिक प्रमाण पत्रको प्रतिलिपी

घ. काम संग सम्बन्धित अनुभव भए सोको कागजातको प्रतिलिपी

ङ. तालिमको प्रमाणपत्रको प्रतिलिपी

च. २ प्रति पासपोर्ट फोटो

७. **सेवा सुविधा तथा अन्य:-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढांचा र रोजगार सहायक/प्राविधिक सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा बागलुङ नगरपालिकाको www.baglungmun.gov.np बेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

९. छनोटको तरिका:- स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ बमोजिम गरिनेछ ।

विस्तृत जानकारीका लागि सम्पर्क नं ०६८-५२०२३१ ।

२०७८।४।२२

..................

(पुरुषोत्तम सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत